नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

विज्ञप्ति

छठ पर्वको अवसरमा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन र सामाजिक सद्भाव कायम गर्ने सम्बन्धमा।

नेपालीहरूको महान् साँस्कृतिक पर्व 'छठ' धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भावको प्रतीकको रूपमा हर्षोल्लासपूर्वक मनाइँदै आइएको छ। प्रकृतिप्रतिको कृतज्ञता, सूर्य उपासना र शुद्धताको यो महान् पर्वले सम्पूर्ण नेपाली समाजमा आपसी मेलमिलाप, बन्धुत्व र एकताको भावनालाई अझ प्रगाढ बनाउने विश्वास यस मन्त्रालयले लिएको छ। छठ पर्वको अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण द्विदीबहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यससँगै, यस महान् पर्व तथा अन्य साँस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्ने क्रममा नेपालको संविधान र प्रचलित कानुनविपरीत हुने गरी कुनै पनि किसिमका जातीय भेदभाव, छुवाछुत तथा सामाजिक विभेद सिर्जना गर्ने गतिविधिहरू हुन नदिन मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको संविधानको धारा २४ ले 'छुवाछुत तथा भेदभावविरुद्धको हक' लाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ भने धारा १८ ले समानताको हकको प्रत्याभूत गरेको छ। त्यसैगरी, 'जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन, २०६८' ले कुनै पनि व्यक्ति वा समुदायलाई जातजाति, वंश, समुदाय वा पेसाको आधारमा छुवाछुत वा भेदभाव गर्न, सार्वजनिक स्थानमा प्रवेश निषेध गर्न वा भेदभावपूर्ण व्यवहार गर्ने कार्य कडा कानुनी दण्डनीय कसूर मानेको छ।

छठ पर्व मनाउने क्रममा कतिपय स्थानमा दलित समुदायका लागि छुट्टै छठ घाट निर्माण गर्नुपर्ने वा गर्न दिने जस्ता विभेदकारी र सामाजिक सद्भाव खल्बल्याउने खालका विषयहरु हुन सक्ने हुँदा यस्तो कार्य नेपालको संविधानको मर्म, कानुनको शासन र समानताको सिद्धान्तविपरीत रहेको छ। तसर्थ, कुनै पनि तवरबाट जातीय वा लैङ्गिक आधारमा घाटहरू छुट्टाउने, विभेद गर्ने वा सामाजिक एकतामा आँच आउने किसिमका कार्यहरू नगर्न र नगराउन सम्बन्धित सबै पक्षलाई यसै विज्ञप्ति मार्फत आग्रह गर्दै सबै जातजाति, वर्ग, क्षेत्र र समुदायको साझा अधिकार, आत्मसम्मान र समतामूलक समाज निर्माणका लागि यस मन्त्रालय प्रतिबद्ध रहेकोले यस महान पर्व मनाउने क्रममा स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण नागरिकहरूलाई आ-आफ्नो तर्फबाट सामाजिक सद्भाव, भाइचारा र समावेशी संस्कृतिको प्रवर्द्धन गर्न र कानुनको पूर्ण पालना गर्न हार्दिक अनुरोध गर्दछौं।

२०८३।०।१८

बसन्त भट्टराई
सहप्रवक्ता / उपसचिव